'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ९५ | आइतवार १६ मंसिर, २०८१ | 01 (Sunday) December 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

स्थानीय तह उपनिर्वाचन

## सम्पूर्ण तयारी पूरा: निर्वाचन आयोग

■ नमस्ते समचारदाता
काठमाडौं, मंसिर/१५




स्थानीय तहका विभिन्न ४१ रिक्त पदका लागि आज (आइतबार) मतदान हुँदैछ । निर्वाचन आयोगले उपनिर्वाचनको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ । निर्वाचन हुने सम्बन्धित स्थानीय तहमा स्थापना गरिएका मतदान केन्द्रमा आज बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुनेछ । नगरपालिका प्रमुख एक, उपप्रमुख एक, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार र वडाध्यक्ष ३३ गरी ४१ पदका लागि उपनिर्वाचन हुन लागेको हो । उपनिर्वाचन हुने सम्बन्धित स्थानीय तहमा सम्पूर्ण तयारी पूरा भएको निर्वाचन आयोगका सहसचिव निता पोखेल अर्यालले जानकारी गराएकी छिन् । गर्भवती, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बिरामी, किरियापुत्री, सुत्केरी तथा अन्य (लैङ्गिक तथा यौनिक अल्पसंख्यक) मतदाताहरुलाई प्राथमिकताका आधारमा मतदान गराउने व्यवस्था मिलाइएको अर्यालले बताइन । आयोगका प्रवक्तासमेत रहेकी अर्यालका अनुसार मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आयोगबाट जारी भएका मतदाता परिचयपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, स्थायी लेखा नम्बर परिचयपत्र वा सवारी चालक अनुमति पत्रको सक्कल प्रमाणका आधारमा मतदान गर्न पाउनेछन् । कीर्तिपुर नगरपालिकाको प्रमुख र जाजरकोटको नलगाड नगरपालिकाको उपप्रमुख, मोरङको ग्रामथान र दैलेखको महाबु गाउँपालिकाका अध्यक्ष, दोलखाको गौरीशङ्कर, रुकुम (पूर्वी भाग) पुथाउत्तरगङ्गा, हुम्लाको सर्केगाड र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका उपाध्यक्ष पदका लागि निर्वाचन हुँदैछ । त्यस्तै गरी ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका वडा नं ३, झापाको कन्काई नगरपालिका वडा नं ६, तेह्रथुमको लालीगुराँस नगरपालिका वडा नं ८, सुनसरीको गढी गाउँपालिका वडा नं ६, ओखलढुङ्गाको मोलुङ गाउँपालिका वडा नं ५, उदयपुर को त्रियुगा नगरपालिका वडा नं १२ र बेलका नगरपालिका वडा नं ९, सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं १ र ४, धनुषाको धनुषाधाम नगरपालिका वडा नं १, महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं २, रौतहटको ईशनाथ नगरपालिका वडा नं ७, रौतहटका राजपुर नगरपालिका वडा नं ६ र गढीमाई नगरपालिका वडा नं ८ मा निर्वाचन हुनेछ । काठमाडौँको काठमाडौँ महानगरपालिका वडा नं १६, कीर्तिपुर नगरपालिका वडा नं १ र ४, नुवाकोटको ककनी गाउँपालिका वडा नं २, मकवानपुर को हेटौँडा उपमहानगरपालिका वडा नं १२, गोरखाको गोरखा नगरपालिका वडा नं ५, गुल्मीको मुसिकोट नगरपालिका वडा नं १, कपिलवस्तुको शुद्धोधन गाउँपालिका वडा नं १, रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नं ४, बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नं ४ र रुकुम (पश्चिम भाग)को सानीभेरी गाउँपालिका वडा नं ५ वडाध्यक्ष पदका लागि निर्वाचन हुँदैछ ।

*बाँकी ३ पेजमा...*

## कर्णालीका लागि दोस्रो पञ्चवर्षीय योजनाको मसौदा



■ नमस्ते समचारदाता
सुर्खेत, मंसिर/१५

कर्णाली प्रदेश योजना आयोगले कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको मसौदा तयार पारेको छ। आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ का लागि सो मसौदा तयार पारी विभिन्न सरोकारवाला पक्षसँग सुझाव सङ्कलनसमेत गरिएको छ । आयोगले विभिन्न ९ वटा कार्यक्रमलाई प्रदेशको 'गेम चेन्जर' कार्यक्रमको नाम दिएको छ। जलविद्युत् उत्पादन, अर्गानिक तथा रैथाने कृषि उत्पादन, पर्यटन विकास (पर्यापर्यटन, धार्मिक पर्यटन, कृषि पर्यटन, साहसिक पर्यटन), उत्तर-दक्षिण रोड कोरिडोर (कर्णाली रेसममार्ग) लाई 'गेम चेन्जर' कार्यक्रम उल्लेख गरिएको छ । त्यसै गरी स्थानीय उत्पादनमा आधारित उद्योग, गुणस्तरीय भौतिक पूर्वाधार, उद्यमशीलता तथा रोजगारी प्रवर्द्धन, नवप्रवर्तन र डिजिटल कर्णाली र युवा दक्ष, सक्षम, स्वस्थ र सबल मानव संसाधनलाई आयोगले 'गेम चेन्जर' कार्यक्रम मानेर काम गर्न सक्ने जनाइएको छ । मसौदा माथि सुझाव सङ्कलन गर्न आयोजित कार्यक्रममा मसौदा प्रस्तुत गर्दै प्रदेश योजना आयोगका उपाध्यक्ष सूर्यनाथ योगीले यी कार्यक्रमका लागि काम गर्ने प्रक्रिया पनि सार्वजनिक गरेका थिए । यसमा प्रदेश सरकारको लगानी, प्रदेश तथा स्थानीय तह साझेदारी, विकास साझेदार र वैदेशिक सहयोग, सार्वजनिक-निजी साझेदारी, निजी क्षेत्रको लगानी र सहकारी, गैरसरकारी र समुदायसँग साझेदारी गरेर कार्यक्रम गर्न सकिने उनले बताए ।

## बर्दिया राष्ट्रिय निकुञ्जमा गैंडा अनुगमन तथा स्विप अपरेसन सुरु

■ नमस्ते समचारदाता
बर्दिया, मंसिर/१५



बर्दिया राष्ट्रिय निकुञ्जले गैंडाको अवस्था तथा संख्या यकिन गर्न र वन्यजन्तु संरक्षणलाई प्रभावकारी बनाउन अनुगमन तथा स्विप अपरेसन सुरु गरेको छ । यस अभियानमा निकुञ्ज सुरक्षाका लागि खटिएको नेपाली सेना जबरजंग गण, डिभिजन वन कार्यालय बर्दिया र राष्ट्रिय प्रकृति संरक्षण कोष बर्दियाको संयुक्त सहभागिता रहेको छ। निकुञ्जका प्रमुख संरक्षण अधिकृत अशोक कुमार रामका अनुसार गैंडाको संरक्षणको लागि निकुञ्जभित्र र आसपासका क्षेत्रमा गस्ती गरिनुका साथै चोरी सिकारी हुन सक्ने सम्भावित क्षेत्रहरूको अनुगमन भइरहेको छ । यस अभियानको अर्को उद्देश्य वनजंगलमा अल्झिएका वन्यजन्तुको उद्धार गर्नु, मरेका वन्यजन्तुलाई पत्ता लगाउनु, र वन्यजन्तुहरूको प्राकृतिक अवस्था सुनिश्चित गर्नु हो । अनुगमनका लागि ६ वटा हात्ती र ३० जना जनशक्ति परिचालन गरिएको छ । यो टोलीले खाता जैविक मार्ग क्षेत्र, भारतीय सीमा क्षेत्र, निकुञ्जको बबई झ्याली, र गेरुवाको लालमाटीदेखि कोठियाघाटसम्मको क्षेत्र कभर गर्नेछ । खाता जैविक मार्गमा ४ वटा गैंडा रहेको अनुमान छ भने बर्दिया राष्ट्रिय निकुञ्जमा ३८ वटा एकसिङे दुर्लभ गैंडा रहेको आधिकारिक अभिलेखमा उल्लेख छ । यो अभियान १५ दिनसम्म सञ्चालन हुने र यस क्रममा गैंडाको संख्या, उनीहरूको अवस्था, चोरी सिकारीको जोखिम, र संरक्षणका चुनौतीहरूबारे विस्तृत प्रतिवेदन तयार गरिनेछ । निकुञ्जमा गैंडाको महत्वपूर्ण उपस्थिति र जैविक विविधताको संरक्षणका लागि यस्तो अभियानले दीर्घकालीन रूपमा ठोस परिणाम दिने अपेक्षा गरिएको छ । साथै, गैंडाको प्रजाति सुरक्षित गर्न र जैविक मार्गमा वन्यजन्तुहरूको स्वतन्त्र आवागमनलाई सुनिश्चित गर्न यो प्रयास महत्वपूर्ण छ । बर्दिया राष्ट्रिय निकुञ्जको यस्तो पहलकदमीले वन्यजन्तु संरक्षणमा सकारात्मक प्रभाव पार्ने विश्वास लिइएको छ । यसले गैंडाको अस्तित्व जोगाउन मात्र नभई जैविक विविधताको पर्वद्धनमा पनि योगदान पुर्‍याउनेछ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## बीआरआईलाई 'रिस फेर्ने हतियार' नबनाउ

चीनको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) रणनीतिक योजनाका विषयमा केही सातादेखि नेपालमा व्यापक चर्चा छ। सामाजिक सञ्जाल, राजनीतिक भेटघाटमा मात्र होइन, प्रधानमन्त्री केपी शर्मा ओलीको छिमेकी मुलुक भारतविरुद्ध 'रिस फेर्ने हतियार' नै यही हो भने जसरी प्रचार भइरहेको देखिन्छ। प्रधानमन्त्री ओलीले बीआरआई कार्यान्वयन सम्झौता प्लानमै हस्ताक्षर गर्दै छन् रे ! चीनले धेरै दबाब दिएको छ, भारतले कुनै हालतमा हुन्न भनेको छ रे यस्तै यस्तै हल्ला सुन्दा लाग्छ, यसै कारणले सत्तामा फेरबदल आउन सक्छ। अहिले बजारमा चर्चामा रहेका विषय यिनै हुन। न्युयोर्कमा दुई प्रधानमन्त्रीबीच भेट त भयो तर कूटनीतिक वार्ताभन्दा बढी तस्बिर खिच्ने र आपसमा बधाई साटासाटको औपचारिकतामा मात्र सीमित रह्यो। भेटको टुंगो अन्तिमसम्म पनि नलागेपछि कम्तीमा भेटसम्म हुने वातावरणको चाँजोपाँजो परराष्ट्रमन्त्री आरजु राणा देउवाले मिलाएको चर्चा उतिबेलै परराष्ट्र स्रोतबाट भएकै थियो। त्यसका लागि मन्त्री राणाले व्यक्तिगत सम्पर्क सूत्रको प्रयोग गर्नुपरेको थाहा भएको थियो। यति गर्दा पनि भारतीय पक्षबाट ज्यादै चिसो व्यवहार (कोल्ड रेस्पोन्स) भएको विषय नेपालको उच्च राजनीतिक, कूटनीतिक एवं प्रशासनिक तहमा प्रचारित भएको सन्दर्भले समेत भारतलाई 'देखाइदिन' चीनको बीआरआई भित्र्याउन प्रधानमन्त्री ओली लालायित छन् भन्ने तर्कले अहिले आएर राम्रैसँग स्थान पाएको छ। पूर्वप्रधानमन्त्री एवं माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एक भारतीय मिडियालाई दिएको अन्तर्वार्तामा 'ओली भारतविरुद्ध चीन कार्ड खेल्दै छन' भन्ने कुरा उल्लेख गरेर ओली आवेग एवं प्रतिशोधको कूटनीति गरिरहेका छन् भन्ने चर्चालाई मलजल गरिदिएको सन्दर्भ पनि यो प्रसंगमै जोडिन आउँछ। अहिले बीआरआई नेपाली सत्तामाथि तरबार बनेर प्रकट हुनुमा भारत एउटा फ्याक्टर अवश्य हो। भारतले लुकाएको पनि छैन, उसले खुल्लै रूपमा पटक–पटक बीआरआई परियोजनाको विरोध गरेको छ र आफूले सो परियोजनालाई 'इन्डोर्स' पनि गरेको छैन। यो सन्दर्भमा नेपाल र नेपालीले बुझ्नुपर्ने के हो भने के भारत नेपालको माया गर्छरु? के भारतले नेपालको राष्ट्रिय स्वार्थ हेर्छ ? नेपालको शासनमा 'माइक्रो मेनेजमेन्ट' तहमै झरेर भारतले जसरी हस्तक्षेप गर्ने गरेको छ, त्यो थाहा पाएपछि नेपाललाई उसले साँचो अर्थमा माया गर्दैन भन्ने बुझ्न धेरै समय लाग्दैन।


## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।


बुढीनन्दा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोल्टी, बाजुरा


# सुख त्यो कहाँ छ ?



वीरभद्र आचार्य

हाम्रो शास्त्रमा काम, क्रोध, लोभ, मोह र ईष्या मनुष्यका पाँच शत्रु हुन् भन्ने लेखिएको छ । र सुखी हुनका लागि यी पाँचबाट माथि उठ्न आवश्यक छ भनेर उल्लेख गरेको छ। आज बिहान हिंड्दै थिएँ, अनायास यो सोच मनमा आयो । सोच्दै गएँ, यी पाँच दुर्गुणबाट कसरी माथि उठ्ने ? उत्तर आयो, मनलाई संयमित गरेर । मन संयमित कसरी हुन्छ त ? इच्छाभन्दा माथि उठेर । प्रश्न उठ्छ, हामी इच्छाभन्दा माथि कसरी उठ्ने ? उत्तर आयो, इच्छाबाट माथि उठ्न, पहिला इच्छाको स्रोत नै पहिचान गर्नुपऱ्यो। खोज्दै, चिन्तन गर्दै गएँ, हामीमा इच्छाको जागरण कहाँबाट हुन्छ ? मनले उत्तर दियो, संकल्प विकल्पबाट। संकल्प विकल्प भनेको के हो ? निर्णयात्मक बुद्धि। शास्त्रले इच्छाको स्रोत चित्त भन्छ अर्थात् हामीमा भएको संस्कार अनि वासना हो । अर्को कोणबाट विश्लेषण गर्दा इच्छा ज्ञानेन्द्रिय र कर्मेन्द्रियको संगमबाट पनि प्रेरित हुन्छ भन्न सकिन्छ। यस अर्थमा इच्छातित हुनको लागी चित्तवृत्ती निरोध र इन्द्रियहरूको निग्रह हुन आवश्यक छ । चिन्तन गर्दै गएँ, के इन्द्रियको दमनले इच्छा मर्छ ? सोचें इन्द्रियहरूको दमन गरेर मात्र पैदा नहुने होइन । इन्द्रियको पछाडि हरेक इन्द्रियको स्वभावअनुसारको शक्ति छ जसले इन्द्रियहरूलाई परिचालित गर्छ। यहाँ स्वाद हराउन जिब्रोलाई काटेर फाल्ने होइन, काम इच्छालाई हटाउन जननेन्द्रिय काटेर हुँदैन अर्को शब्दमा यी इन्द्रियहरूलाई समन गर्नु सक्नुपर्छ। अर्थात् मनलाई विषयले प्रभाव पार्न नसक्ने परिस्थितिमा पुग्नुपर्छ । भनेपछि के त ? इन्द्रियलाई मनले परिचालित गर्छ। मनमा इच्छा उब्जिएपछि मात्र जिब्रोले स्वाद लिन्छ। कुनै संगीत कानले सुनिरहेको छ तर मन अर्कैतिर छ भने कानले सुन्दैन । इच्छातित हुन इन्द्रिय निग्रहले मात्र हुँदैन मनलाई नै संयमित गर्न पऱ्यो। मन ! मनलाई कसरी नियन्त्रणमा राख्ने । मन र इन्द्रिय एकआपसमा यसरी गाँसिएका छन् कि इन्द्रियले विषयसँग संसर्ग रगेपछि मन त्यसै पग्लिन्छ । मन र इन्द्रियको बीचमा प्राणशक्ति छ, जसले शरीरमा क्रियाशीलता जगाइरहेको छ । त्यसैले नै योगीजनहरूले मनलाई संयमित राख्न प्राणायाम, अर्थात् प्रणलाई अधीनमा राख्ने अभ्यास गर्न शास्त्रमा उल्लेख गरेका पाइन्छ । प्राण वायु अधीनमा हुँदा मन केही हदसम्म संयमित हुन्छ नै । तर मनलाई अझै इन्द्रियजन्य विषयले तानी नै रहेको हुन्छ। तब के ? मनलाई संकल्प शक्तिद्वारा बुद्धिले नियन्त्रण गर्न सक्नुपर्छ। यसो भन्दाभन्दै यहाँ यो प्रश्न उठ्छ कि मन अत्यन्त बलशाली छ, के बुद्धिले नियन्त्रण गर्न सक्छ त ? हो मनलाई बुद्धिले नियन्त्रण गर्छ सक्छ तर हर समय अधीनमा राख्न गाह्रो छ र फेरि मन हाबी हुने सम्भावना हुन्छ। किनकि बुद्धिको पनि आफ्नो सीमा छ, त्योभन्दा बाहिर जान सक्दैन। अब के त ? अब आयो चित्त ! चित्त हामीमा भएको जन्म जन्मान्तरको वासना, संस्कार आदिको सँगालो हो । यसको र मनको तादात्म्य अति नजिकको छ । यसले हाम्रो जीवनमा ठूलै प्रभाव



परिरहेको हुन्छ । नत्र भने किन हामी बुद्धिले विषय तर्फ नजाऊ भन्दाभन्दै पनि मनको बहावसँगै बगी रहेका हुन्छौं ? भने पछि चित्त पनि समाधान त होइन रहेछ। अब के त ? मन, बुद्धि र चित्त। यी तिनैको श्रोत 'म' हो। 'म' भनेको अहम् भाव हो। यो भावबाट नै म संसारमा पैदा भएको छु। त्यसो भए के म नै सर्वेसर्वा हुँ त ? सोच्दै गएँ हैन हैन, 'म' लाई चलाउने त अर्कै तत्त्व छ। 'म' पनि त जड हो। किनकि यसलाई पनि हेर्न सकिन्छ र यो मृत्युपछि विनाश हुन्छ । यो केबाट परिचालित छ त भन्दा, मायाबाट । मायाबाट नै यो भौतिक जगत् को सृष्टि भएको छ र यही माया नै व्यक्तिव्यक्तिमा अविद्याको रूपमा रहेको छ। अविद्या के हो तभन्दा यो भौतिक जगत्लाई यथार्थ हो भनेर लिनु। तर माया पनि त जड नै त हो । होइन भने हामी सबै ज्ञानी हुनुपर्ने । मायाको पछाडि कुनै न कुनै ऊर्जा हुनुपर्छ जसले यो जड पदार्थहरूलाई सञ्चालित गरिरहेको छ। त्यो परम तत्त्व के हो जसबाट माया सञ्चालित छ ? तसर्थ त्यो परम तत्त्वमा पुग्न 'म' मा भएको अविद्याको पर्दालाई चिन्तनको शस्त्रद्वारा चिर्नु पर्छ । अविद्यालाई कसरी भेदन गर्ने त भन्दा एक मात्र साधन चिन्तन हो । ऋग्वेदले 'प्रज्ञानम् ब्रह्म' भनेको छ। भने पछि चिन्तन नै परम तत्त्व जान्नको लागि एक मात्र साधन र साध्य पनि हो। तर मायालाई चिरेर य अवस्थामा पुग्न परमात्माको अनुग्रह आवश्यक हुन्छ। यसको लागि निष्ठावान् गुरुद्वारा शिक्षादीक्षा आवश्यक छ । चिन्तनलाई पनि चिरेर अनुभूतिको त्यो खुडकलोमा उभिनु भनेको नै तत्त्वबोधको स्थिति हो र ज्ञानको परम ज्योति हो। तसर्थ, चिन्तन नै यो विश्व ब्रह्माण्डको स्रष्टा, सृष्टि र सञ्चालक पनि हो । यो विश्व ब्रह्माण्ड परम ज्ञानको भण्डार हो जुन कुराले हामी विभूषित छौं । हो यहाँ प्रश्न उठ्छ, कसरी चिन्तनमा डुब्ने त ? गहन चिन्तनको लागि वैराग्य जरुरी । वैराग्य भएन भने मनले फेरि पनि विषय जगत्मा फसाउँछ र चिन्तनमा अवरोध ल्याउँछ । वैराग्य चिन्तनको लागि आवश्यक संयम जगाउने माध्यम हो । इन्द्रिय र मनलाई दमन गरेर मात्र वैराग्य हुँदैन, वैराग्यको लागि इन्द्रिय, मन, चित्तवृत्ति र अहम् भाव सबैलाई अतिक्रमण गर्नु जरुरी छ । जब हामीमा तीव्र वैराग्य जाग्दछ, तब मात्र चिन्तनको पराकाष्ठा अर्थात् स्वरूपको ज्ञान हुन्छ । तब मात्र पाँच शत्रुको क्षय हुन्छ र मनुष्य परा आनन्दको अनुभूति गर्दछ । हो मनुष्यले इच्छा पूर्तिमा र विषय भोगमा पनि आनन्द महसुस गरेको हुन्छ, तर त्यो आनन्द विषयबाट उत्पन्न भएको नभएर आफूमा रहेको नैसर्गिक आनन्दको झलक हो भन्ने बुझ्नु पर्छ। *–अन्नपूर्ण*

# सहकारी पीडितलाई न्याय कहिले ?

डा. विमल तिवारी

मुलुकमा तरलताको अभाव छ । कर्जा माग्ने व्यक्तिहरू छैनन् । घरजग्गा बिक्री ठप्प झैं छ। यो संकटबाट गहिरिँदो छ। यस खालको मन्दीबाट मुक्तिको व्यग्र पर्खाइमा जनता छन् । कर्मभन्दा पनि देवत्व र नैराश्यताको महामारीमा फसेको छ जनता । आर्थिक अराजकता र विचलनको स्थितिमा छ देश। वैचारिक दलीय स्वार्थ र राजनीतिक छलको नीतिले वैदेशीकरणमार्फत देशको यौवन र जाँगर बेचियो । नागरिकको मताधिकारको समुचित कदर पनि भएन। र हक सुरक्षित भएन। आन्तरिक द्वन्द्व, अन्तरपार्टी द्वेष, राज्य व्यवस्थापन र सिकाइमा अल्मलियो विचारको राजनीति। चरम बेथिति र विसंगतिमार्फत स्वार्थ समूहले घेरबन्दी गर्न थाले । दलहरू तस्कर र व्यापारिक घरानामा निर्भर हँदै गए । राजनीतिक उपलब्धि स्वरूप योग्यता, विज्ञता खरिदबिक्री गर्दै स्वार्थसिद्धि र राज्यको दोहनमा व्यस्त रहे दलहरू । बिर्सिए नेताहरूले देशप्रति आ–आफ्नो रचनात्मक भूमिका र संघर्षको यथार्थता। छिमेकको सिको गर्दै स्वाभिमान संकट परेको थाहै भएन । सांस्कृतिक क्रान्ति, पुँजीको रूपान्तरण, उद्यमशीलता र औद्योगिक विकास एवं यसको प्राथमिकता र गुणात्मक प्रतिस्पर्धाको महत्व भुले । दलहरूले खनेको भुँमरीमा फसेको छ नेपाली राजनीति वृत। जनता निर्दलीय पश्चगामी सोचबाट अभिप्रेरित हुन बाध्य छन्। यसै परिवेशमा स्थानीय निर्वाचनमा काठमाडौंमा बालेन साहको स्वतन्त्र उम्मेदवारी र जितले प्रतिविम्बको रूपमा स्थापित गर्छ । अहिले बालेनले समग्र देशको भावनालाई जोडेर सम्पूर्ण युवा जमातको गरिमा र काँध उँचो गरेका छन् । विज्ञताको सामर्थ्य कस्तो हुन्छ कामबाट साबित गरेका छन् । उनको शैलीदेखि जनता लालायित छन्। मूल कुरा स्वाभिमान बाँच्नुपर्छ। हाम्रो काम समाधान उन्मुख हुनुपर्छ । ऐक्यबद्धता र साहस युवापुस्ताले देखाउनै पर्छ । मुलुकको नियामकीय प्रणालीमाथि विषयगत अनुभवको आवश्यकता छ । विषय संवेदनशीलता, घटनाको आकलन, निर्णय क्षमता र संयन्त्रको धरातलीय सामर्थ्यता देखाएको पक्कै छ । यो कुराको ज्ञात सबैमा हुनुपर्छ । नियमनकारी निकायले समाधान दिने योग्यता र विज्ञताको आधार के ? भन्ने प्रश्न देशसामु छ। सहकारी पीडितको समस्याले समग्र सहकारी संरचना धर्मराएको छ। यसै विषयले सडक तातिएको छ । सरकारले ठूला बचतकर्ताको स्रोतको खोजी गर्नुपर्छ । जीबी, छवि, रवि र केही सामान्य व्यक्तिमात्रको पछि परेकाले शंका थपेको छ। ठूलो रकम हजम गर्ने र वास्तविक दोषी उम्काउने नियत देखिनु हुँदैन । हाम्रो फोहोरी दलीय राजनीतिक संस्कारले यति निकम्मा साबित गरेको छ कि सहकारीको पैसा देशभित्र छ कि देश बाहिर छ यकिन गर्न सकिएको छैन। आखिर पैसा एउटाको खल्तीबाट अर्को जान्छ तर देशभित्रै हुन्छ। देशको ढुकुटीमा । हाम्रो ढुकुटीको मालिकको जिम्मेदारी के ? कसले कसलाई किन कति पैसा दियो ? भन्नेसम्म भन्न, बुझ्न नसक्ने प्रणाली र नेतृत्वको आवश्यकता छ। राज्य सञ्चालन कुन हहको नेतृत्वबाट हुन्छ। दुनिया हाँसेको छ । सहकारीको समस्या समाधानको लागि तत्परता हुनुपर्छ । सहकारी पीडितलाई हुतिहारा बनाउनु हुँदैन । कसले दियो ? कसले लग्यो ? खोज र अनुसन्धान हुनुपर्छ । सहकारीको बचत रकम लिने र दिनेबीचको आधार खोजिनु पर्छ । त्यसपछि समाधान भेटिनेछ । सहकारी पीडितले न्याय पाउने छन् । चल्ला चीलले लग्यो भने चीलको पछि जाने कि चल्ला गन्ने र सुरक्षित गर्ने ? सरकारको नियतमा पनि खोट हुनु हुँदैन । राज्यको नियामककीय निकायसँग स्पष्टीकरण सोध्नुपर्छ। र जवाफ खोजी सम्बन्धित निकाय प्रमुखलाई निलम्बन गर्न सक्नुपर्छ । यसमा यथाशीघ्र पहल गरे समाधान आउँछ। सहकारी पीडितलाई न्याय यसरी नै मिल्छ। दलीय आर्थिक राजनीतिक चक्रव्यूहको पर्दाफास हुनेछ भन्ने जनधारणा छ । सहकारीको पैसा विभिन्न कम्पनीहरूमा पुँजीकृत भएको छ कि ? सहकारीको रकम कहाँ पुग्यो ? कि बिदेसियो ? जवाफदेही नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय, कम्पनी रजिस्ट्रार कार्यालयले खोजेर दिनुपर्छ। अन्यथा बालुवामा पानि हाले सरह हुनेछ। दलीय राजनीतिको पासो अहिले समग्र अर्थतन्त्रको फासो साबित भएको छ । सहकारीका बचतकर्ता संगठित छैनन् । सञ्चालकहरू नै दल र दलभित्रका मसिहा जस्तै शीर्षनेताहरू वरिपरि पकड जमाएर बसेका छन् । गुटगुटमा संगठित र सामेल भएको देखिन्छ । यस क्षेत्रमा कसको पकड मजबुत छ भन्ने खोजी गर्ने हो भने प्रमाणको रूपमा लिन सजिलो हुनेछ । आर्थिक वर्ष ०८१–८२ को नीति तथा कार्यक्रममा समेत 'सहकारी नियमनका लागि विशिष्टीकृत नियामक निकाय गठन गरिने' भनेको छ । प्रतिवेदनले सहकारी विकास बोर्ड र सहकारी विभाग गाभेर सहकारी प्राधिकरण गठन गर्न भनेको छ । यस्तो प्राधिकरणले सहकारीको नियमित अनुगमन गर्नेछ। *–अन्नपूर्ण*

## गगनजीप्रति दया लाग्छः प्रचण्ड

# सत्ता परिवर्तनका लागि कांग्रेससँग कुनै कुरा गरेको छैन

■ नमस्ते समाचारदाता

काठमाडौं, मंसिर/१५



नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले सत्ता परिवर्तनका लागि नेपाली कांग्रेससँग पहल गरेको कुरा भ्रुटो भएको दाबी गरेका छन् । शनिबार निजी निवास खुमलटारमा आयोजित एक कार्यक्रममा बोल्दै उनले केही दिनअघि कीर्तिपुर उपनिर्वाचनको चुनावी सभामा नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले अध्यक्ष दाहालले हप्ताको दुई/तीन पटक नेपाली कांग्रेससँग प्रधानमन्त्री बन्न आग्रह गरेको बताएका थिए । सोहीबारेमा सञ्चार कर्मीहरुसँग प्रतिक्रिया दिँदै अध्यक्ष दाहालले सत्ता परिवर्तनको कुरा आफूले अघि नबढाएको दाबी गर्दै ०८४ सम्मकै सरकार चलाउन बारम्बार सार्वजनिक मञ्चहरु मार्फत आग्रह गरेको बताए। उनले महामन्त्री थापालाई आफूले युवा नेताको रुपमा धेरै संवाद र सहकार्य गर्ने गरेको बताउँदै पछिल्ला केही महिनायता धेरै परिवर्तन भएको पाएको बताए। जनतालाई भ्रुटो बोलेको देख्दा महामन्त्री थापाप्रति दया लागेको उनको टिप्पणी थियो। कांग्रेस सभापति शेरबहादुर देउवासँग आफ्नो सरकार परिवर्तनको बारेमा प्रत्यक्ष र परोक्ष रुपमा कुरा नभएको उनले दाबी गरे । उनले महामन्त्री थापालाई आफ्नो अभिव्यक्तिबारआत्मसमीक्षा गर्न सुझाव दिए । प्रचण्डले भने, 'सत्ता परिवर्तनको कुरा अघि बढाएको कुरा बिल्कुल होइन । यो भन्दा सफेद भ्रुट अरु केही हुनै सक्दैन। गगन थापालाई मैले एउटा युवा नेताको रुपमा उहाँसँग धेरै संवाद, सहकार्य हुने गर्दथ्यो। अहिले केही महिनाभित्रै उहाँमा आएको परिवर्तन र उहाँले यति तल भरेर हुँदै नभएको भ्रुटो कुरो जनतासँग बोलेको देख्दा गगनजीप्रति मलाई साँच्चै दया लागेको छ।'


हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर बाजुरा

करार पदपूर्तिका लागि परिक्षा तोकिएको सम्बन्धि सूचना

सुचना प्रकाशित मिति २०८१/०८/१४

हिमाली गाउँपालिका कार्यालयको लागि हे.अ., अ.हे.व., अ.न.मि., मलेरिया कार्यकर्ता , चालक र का.स पदका लागि खुला प्रतिस्पर्धाबाट करार सेवामा पदपूर्ति गर्ने प्रयोजनका लागि मिति २०८१/०६ /२१ गतेको प्रकाशित विज्ञापन अनुसार म्याद भित्र आवेदन फारम बुझाउने उम्मेदवारहरुको परिक्षा मिति तपसिल बमोजिम संचालन हुने भएकोले आवश्यक कागजात सहित परिक्षामा सामेल हुन सम्बन्धित सबैको लागि जानकारी गरिन्छ ।

तपसिल :

| क्र.सं. | विज्ञापन नम्बर | पद र तह | परीक्षाको किसिम | परिक्षा मिति | समय |
|---|---|---|---|---|---|
| १ | १ -२०८१-०८२ | हे .अ ., पाँचौ | लिखित | २०८१/०८/२३ | बिहान ०८ :०० बजे |
| २ | २ -२०८१-०८२ | अ.हे.व. , चौथो | लिखित | २०८१/०८/२३ | बिहान ०९ :०० बजे |
| ३ | ३ -२०८१-०८२ | अ.न.मि.,चौथो | लिखित | २०८१/०८/२३ | बिहान ०९ :०० बजे |
| ४ | ४ -२०८१-०८२ | का.स. | लिखित | २०८१/०८/२३ | बिहान ०९ :०० बजे |
| ५ | ५ -२०८१-०८२ | हल्का सवारी चालक | लिखित | २०८१/०८/२३ | बिहान ०९ :०० बजे |
| ६ | ६ -२०८१-०८२ | ग्रामिण मलेरिया कार्यकर्ता | लिखित | २०८१/०८/२३ | बिहान ०९ :०० बजे |

परिक्षा हुने स्थान : हिमाली गाउँपालिकाको कार्यालय धुलाचौर बाजुरा

पुनश्च : परिक्षामा उम्मेदवारहरुले आफ्नो सक्कल कागजात र प्रवेश पत्र साथमा लिई उपस्थिति हुनुपर्ने छ।

थप जानकारीको लागि सम्पर्क नं. ९८५६०७७५२३

नि प्रमुख प्रशासकीय अधिकृत



नेपालीहरुको महान पर्व विजया दशमी शुभ दिपावली तथा छठ पर्व २०७१ सालको पावन अवसरमा सम्पूर्ण नगरपालिका बासी कर्मचारी, बुद्धिजिवि, राजनितिकर्मी, पेशा व्यावसायकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण देशबासीहरुमा सुख, शान्तीका साथै उत्तरोत्तर प्रगतिका लागी हार्दीक शुभकामना व्यक्त गर्दछौं ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके, लुम्बिनी प्रदेश, नेपाल


# बसको ठक्करले युवकको मृत्यु

■ नमस्ते समाचारदाता

जाजरकोट, मंसिर/१५



जाजरकोटमा बसको ठक्करबाट एक युवकको मृत्यु भएको छ । आज शुक्रबार बेलुका ७ बजेको समयमा भेरी नगरपालिका -१ रावतगाउँस्थित भेरी करिडोरमा सो दुर्घटना भएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय जाजरकोटका डिएसपी पुरुषोत्तमप्रसाद पाण्डेले डोल्पाबाट नेपालगञ्जतर्फ जाँदै गरेको गाडिको ठक्करबाट नलगाड -१ चिउरी बस्ने बर्ष ३७ का सुरेश महरको मृत्यु भएको जानकारी दिनुभयो। चालक बाँके नेपालगञ्ज उपमहानगरपालिका -४ का ४५ बर्षे कबिराज घर्तिमगरले चलाएको भे १ ख १३९६ नम्बरको बसले महरलाई ठक्कर दिएको प्रहरीले जनाएको छ। बसको ठक्करबाट टाउको खुट्टा र शरीरको भित्री भागमा चोट लागेर गम्भीर घाइते भएका महरलाई उपचारका लागि जिल्ला अस्पताल जाजरकोट पठाइएकोमा चिकित्सकले मृत घोषणा गरेका हुन् । डिएसपी पाण्डेले गाडी र गाडीचालक प्रहरीको नियन्त्रणमा रहेको, उक्त स्थानमा जिल्ला प्रहरी कार्यालय जाजरकोटबाट प्रहरी निरीक्षक. हरिराम डाँगीको कमाण्डमा ७ जनाको प्रहरी टोली खटिएको बताउनुभयो ।

## सम्पूर्ण...

दैलेखको दुल्लु नगरपालिका वडा नं १३, जाजरकोटको कुसे गाउँपालिका वडा नं ७, कालीकोटको तिलागुफा नगरपालिका वडा नं ४, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नं ५, बझाङको सुर्मा गाउँपालिका वडा नं ४, डोटीको पूर्वीचौकी गाउँपालिका वडा नं ६, दार्चुलाको दुहुँ गाउँपालिका वडा नं ५ र कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नं ६ मा निर्वाचन हुने निर्वाचन आयोगले जनाएको छ । सो निर्वाचनमा ३ सय ७६ उम्मेदवार प्रतिस्पर्धामा रहेका छन् । उपनिर्वाचनमा विभिन्न २० राजनीतिक दल र स्वतन्त्र उम्मेदवारले प्रतिस्पर्धा गर्दैछन् । यसअघि जिल्ला समन्वय समिति ओखलढुङ्गा र कैलालीका प्रमुखमा क्रमशः नेपाली कांग्रेसका उम्मेदवार टेकराज भट्टराई र टीकाकुमारी चौधरी (भूल) तथा रुकुम (पूर्वी भाग) पुगाउत्तर गङ्गा गाउँपालिका वडा नं २ मा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का जगत घर्ती निर्विरोध निर्वाचित भइसकेका छन् ।


गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुर्‍याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

सोरू गाउँपालिका
मुगु



नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अबे तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:



आकर्षक
भिते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार



रंगिन टिभी एकजनालाई



१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# अपांगता भएका बालबालिकालाई पोसाक सहयोग

नमस्ते समचारदाता

हुम्ला, मंसिर/१५




चिसो मौसममा बहिरा तथा बौद्धिक अपाङ्ग आवासीय विद्यालयमा अध्ययनरत विद्यार्थीलाई न्यानो पोसाक सहयोग गरिएको छ । ३३ औं अपांगता दिवसको अवसर पारी जाडो मौसम सुरु भएसँगै चिसोबाट बचाउन विद्यार्थीलाई एनविसी युकेको आर्थिक सहयोगमा उपलब्ध भएका पोसाक शनिवार एक कार्यक्रम आयोजना गरी विद्यार्थीलाई वितरण गरिएको हो । विद्यालयमा अध्ययनरत ४६ जना बालबालिकालाई न्यानो कपडा सहयोग गरिएको विद्यालयकी शिक्षक प्रेमबहादुर लामाले बताए । न्यानो कपडामा ज्याकेट, ट्राउजर, जुत्ता, टोपी, मोजा लगाएतका नौ प्रकारका न्यानो कपडा सबै विद्यार्थीलाई बितरण गरिएको हो । यस्तो सहयोगले न्यून आयश्रोत भएका अपाङ्गता विद्यार्थी चिसोबाट बचाउन निकै सहयोग भएको उनले बताए । सहयोगी हातहरुलाई धन्यवाद दिए । प्रत्येक विद्याथीको नाप नै लिएर न्यानो कपडा उपलब्ध गराउने कार्य भएको हो । एनविसी युकेको आर्थिक सहयोगमा हुम्ला होराईजन परियोजना अर्न्तगत सहयोग उपलब्ध भएको साहारा समुहका निर्देशक सुर्य पौडेलले बताए । ४६ जना विद्यार्थी सहारा समूहले सञ्चालन गरेको आवासीय छात्रावासमा वस्दै आएका छन् । यसका लागि प्रतिविद्यार्थी एघार हजार रुपैयाँका दरले हुन आउने पाँच लाख ६ हजार रुपैयाँ सहयोगी संस्थाबाट उपलब्ध भएको थियो । जिल्लाका ७ मध्ये ६ वटा गाउँपालिकाका विद्यार्थी उक्त विद्यालयमा निःशुल्क अध्ययन गर्दै आएका छन् । न्यानो पोसाक पाएपछि छात्रा पानमति फडेराले न्यानो पोसाक पाएपछि आफ्ना सबै साथी खुसी रहेको र यसले अत्यधिक चिसो भइरहेका बेला चिसोबाट बच्न र पठनपाठनमा सहयोग मिलेको बताइन् । यो सहयोग महत्व र उपयोगिताका हिसावले बिस्तार हुने भएको छ । यसपछि अब आसावीय रुपमा वस्तै आएका विद्यार्थीलाई पोषणमा सुधार ल्याउन तरकारी र खाद्य बस्तुमा सहयोग हुनेछ भने अर्को विद्यालय र छात्रावासमा विद्युत् व्यवस्थाका लागि सोलार जडान गर्ने कार्य पनि हुनेछ । पोसाक वितरण कार्यक्रममा सिमकोट गाउँपालिकाकी उपाध्यक्ष सुशिला भाम रोकायाले अपाङ्ग बालबालिकालाई सहयोग मिल्नु आफैमा सकारात्मक कार्य भएको भन्दै यसले विद्यार्थीको पठनपाठनमा पनि सहयोग मिल्ने बताइन् । कार्यक्रममा यी विद्यार्थी अध्ययन गर्ने बालमन्दिर माविका प्रधानाध्यापक कैलाश रोकाया, सिमकोट गाउँपालिकाका निमित्त प्रशासकीय अधिकृत ममता रोकाया, सिमकोट गाउँपालिका शिक्षा शाखामा नायव सुब्बा कृष्णप्रसाद आचार्यलगायत सहभागी थिए ।

# सुदूरपश्चिममा चार हजार बढी एड्स सङ्क्रमित



नमस्ते समचारदाता

धनगढी, मंसिर/१५

एचआइभी एड्स सङ्क्रमण दर धेरै घटे पनि सुदूरपश्चिम प्रदेशमा अझै अनुमानित चार हजार २६५ जना एड्स सङ्क्रमित रहेका छन् । गत आर्थिक वर्ष २०८०-८१ सम्म सो संख्यामा एड्स सङ्क्रमित रहेको अनुमान गरेको प्रादेशिक स्वास्थ्य निर्देशनालयले जनाएको हो । अनुमानित सङ्क्रमितमध्ये चार हजार नौ जना पत्ता लागेको आज पत्रकार सम्मेलन गरी जनाइएको छ । पत्ता लागेका सङ्क्रमितमध्ये तीन हजार ७२३ जना उपचाररत छन् । उपचार गराइ रहेकामध्ये एक हजार ९२० जनामा रोग सार्ने भाइरल लोड कम भएको निर्देशनालयका एचआइभी स्रोत व्यक्ति मनोज ओभ्हाले बताउनुभयो । उहाँका अनुसार गत आर्थिक वर्षमा पुरुष १२९, महिला ८५ र यौन अल्पसंख्यक चार गरी २१८ नयाँ सङ्क्रमित पत्ता लागेका छन् । नयाँ पत्ता लागेकामध्ये २१४ जना उपचारमा दर्ता भएको जनाइएको छ । नयाँ पत्ता लागेको संख्या अघिल्लो आर्थिक वर्षकोभन्दा कम रहेको निर्देशनालयले जानकारी दिएको छ । गत आर्थिक वर्षमा सुदूरपश्चिमका ६४ सङ्क्रमितले एड्सका कारण ज्यान गुमाएका छन् । निर्देशनालयका अनुसार बाजुराका ६२, बझाङका ९१, दार्चुलाका ४५, बैतडीका १२८, डडेल्धुराका ११५, डोटीका ४९३ संक्रमितले हाल उपचार गराइरहेका छन् । यसैगरी, अछामका ५८४, कैलालीका एक हजार ७४५ र कञ्चनपुरका ४६० जना संक्रमित एआरटी उपचार गराइरहेका छन् । यो प्रदेशमा १७ स्थानबाट एआरटी उपचार सेवा उपलब्ध रहेको छ । यस प्रदेशमा पछिल्लो दुई तीन वर्षयता नयाँ एचआइभी सङ्क्रमित थपिने संख्यास्थिर रहेको निर्देशनालयले जानकारी दिएको छ । फेला परेका सङ्क्रमितलाई नियमित उपचारमा ल्याएका र एआरटी सेवाका कारण सङ्क्रण दर घटेको ओभ्हाले बताउनुभयो । अहिले एआरटी औषधी धेरै राम्रो आएको उल्लेख गर्दै नियमित एआरटी खाएमा सङ्क्रमितबाट एचआइभी सर्ने दर (भाइरल लोड) ९० प्रतिशत कम हुने गरेको बताइएको छ । दीगो विकास लक्ष्य अनुसार नेपालमा सन् २०३० सम्म एचआइभी सङ्क्रमणको महामारी दर शून्यमा झार्ने लक्ष्य लिइएको छ । यो लक्ष्य महत्वकांक्षीजस्तो लागे पनि असम्भव नरहेको स्वास्थ्य निर्देशक खगेन्द्र बमले बताउनुभयो । सबैको सहयोगमा लक्ष्यलाई पूरा गर्न सकिने उहाँको भनाइ थियो । स्वास्थ्य कार्यालय कैलालीका निमित्त प्रमुख गौरी जोशीले एड्स पनि मधुमेहजस्तै सामान्य रोग रहेको बताउनुभयो । नियमित उपचार गराउने सङ्क्रमितहरु सामान्य जीवन बाँच्ने गरेको उहाँले उल्लेख गर्नुभयो ।

# बडघर बचाउन महिला र युवाको सहभागितामा जोड

नमस्ते समचारदाता

दाङ, मंसिर/१५



बडघर प्रणालीलाई जोगाइ राख्न महिला र युवाहरुको सहभागिता बढाउनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् । थारु साहित्य संस्कृति प्रतिष्ठान लमहीद्वारा लमहीमा आयोजित थारु समुदायको बडघर प्रणालीमा महिला र युवाहरुको सहभागिता विषयक कार्यक्रममा बोल्दै उनीहरुले यस्तो जोड दिएका हुन् । बडघर प्रणालीमा महिला र युवाहरुको उपस्थिति हुन नसक्दा बडघर प्रणाली संकटमा पर्दै गएकोले महिला र युवाहरुहरुको उपस्थिति अनिवार्य गर्न जरुरी रहेकोमा उनीहरुको जोड थियो । गढवा गाउँपालिकाकी उपाध्यक्ष शारदा चौधरीले थारु समुदायको भाषा, कला, संस्कृतिको संरक्षण र प्रवर्द्धनको लागि बडघर प्रणाली आवश्यक रहेको बताइन । कार्यक्रमको प्रमुख अतिथि मेत रहेकी चौधरीले बडघर प्रणालीमा अहिले पनि महिला र युवाहरुको उपस्थिति हुन नसक्नु दुःखद भएको बताइन । जबसम्म महिला र युवाहरुमा बरघरको पुस्ता हस्तान्तरण हुँदैन, तबसम्म बडघर प्रथालाई दिगो बनाउन नसकिने उनको भनाइ थियो । अझै पनि पुरुषहरुले महिलाहरुलाई नेतृत्व सुम्पिन तयार नभएकाले अब महिलाहरु आफ्नो अधिकारको लागि आफै लाग्नुपर्ने कुरामा चौधरीको जोड थियो । पछिल्लो समयमा स्थानीय तहले बडघरलाई कानुनी मान्यता दिन थालेकाले यसको महत्व पनि बढ्दै गएको भन्दै बडघर प्रणालीमा महिला र युवाहरुको उपस्थिति हुन जरुरी रहेको चौधरीको भनाइ थियो । थारु कल्याणकारिणी सभा क्षेत्र नं. १ का प्रकाश चौधरीले स्थानीय विकासको लागि बडघर हरुको अहं भूमिका हुने बताए । जनप्रतिनिधिले गर्दै आएको काम बडघरले गर्दै आएको भए पनि उनीहरुलाई कुनै पनि सेवा सुविधा नभएकोले बडघर प्रणाली संकटमा पर्दै गएको चौधरीको गुनासो थियो । यस्तै बडघरमा थारुलाई मात्र सीमित नराखेर अन्य समुदायलाई पनि समेटेर गएमा बडघर प्रणाली दिगो हुने चौधरीको भनाइ थियो । थारु साहित्य संस्कृति प्रतिष्ठानका कार्यकारी निर्देशक डा. कृष्णराज सर्वहारीले बडघर प्रणालीमा महिला र युवाहरुको उपस्थिति दयनीय भएको बताए । लमही नगरपालिकामा ६० जना बडघर भए पनि एक जना महिला मात्र बडघर रहेको जानकारी गराए । त्यस्तै राप्ती सोनारी गाउँपालिकामा ७८ जना बडघर मध्ये तीनजना, बारबर्दिया नगरपालिकामा १०४ जनामध्ये ६ जना महिला मात्र बडघर रहेको जानकारी दिए । यस्तै स्थानीय तहले बडघरलाई कानुनी मान्यता दिए पनि कार्यान्वयनमा अझै पनि समस्या रहेको सर्वहारीको भनाइ थियो । बडघर प्रणालीमा महिला र युवाहरुको सहभागिता बढाउन युएसआइडी तथा द एसिया फाण्डेशनको सहकार्यमा दाङको लमही, बाँकेको राप्ती सोनारी र बर्दियाको बारबर्दिया नगरपालिकाकामा ९ महिने परियोजना शुरु गरेको प्रतिष्ठानका कार्यकारी निर्देशक सर्वहारीले जानकारी दिए ।

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर बाजुरा

करार पदपूर्तिका लागि परिक्षा तोकिएको सम्वन्धि सूचना

सूचना प्रकाशित मिति २०८१/०८/१४

हिमाली गाउँपालिका कार्यालयको लागि १ (एक) कृषि स्नातक /कृषि विज्ञ खुला प्रतिस्पर्धाबाट करार सेवामा पदपूर्ति गर्ने प्रयोजनका लागि मिति २०८१/०७/११ गतेको विज्ञापन नं. कृषि /२०८१-०८२-०१ अनुसार म्याद भित्र आवेदन फारम बुझाउने उम्मेदवारहरुको परिक्षा मिति तपसिल बमोजिम संचालन हुने भएकोले आवश्यक कागजात सहित परिक्षामा सामेल हुन सम्बन्धित सबैको लागि जानकारी गरिन्छ ।

तपसिल :

| क्र.सं. | विज्ञापन नम्बर | पद र तह सेवा /समुह | आवश्यक शैक्षिक योग्यता | परीक्षाको किसिम | परिक्षा मिति , समय र स्थान |
|---|---|---|---|---|---|
| १ | कृषि /२०८१-०८२-०१ | कृषि स्नातक /कृषि विज्ञ | मान्यता प्राप्त शिक्षण संस्थावाट कृषि विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । | अन्तर्वार्ता र फायल अध्ययन | मिति: २०८१/०८/२२ समय: दिउसो ०१:०० बजे स्थान : हिमाली गाउँपालिकाको कार्यालय धुलाचौर बाजुरा |

पुनश्च : अन्तर्वार्ता परिक्षामा उम्मेदवारहरुले आफ्नो सक्कल कागजात र प्रवेश पत्र साथमा लिई उपस्थिति हुनुपर्ने छ ।

थप जानकारीको लागि सम्पर्क नं. ९८५६०७७५२३

नि प्रमुख प्रशासकीय अधिकृत

नेपालीहरुको महान पर्व विजया दशमी शुभ दिपावली तथा छठ पर्व २०७९ सालको पावन अवसरमा सम्पूर्ण गाउँपालिका बासी कर्मचारी, बुद्धिजिवि, राजनितिकर्मी, पेशा व्यावसायकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण देशबासीहरुमा सुख, शान्तीका साथै उत्तरोत्तर प्रगतिका लागी हार्दीक शुभकामना व्यक्त गर्दछौं ।

सिमकोट गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला, कर्णाली प्रदेश, नेपाल

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
; Dks{M*$&@^()# O{h]Mnamastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके